नेपाल सरकार

**ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**ताहाचल, काठमाण्डौ ।**

## लोपोन्मुख आदिवासी जनजाति तथा दलित वर्गका विद्यार्थीहरुलाई विद्युतीय चुलो वितरण गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३।०६।२१

केन्द्रको मिति २०८३ भाद्र २७, २९ र असोज ३ गते **लोपोन्मुख आदिवासी जनजाति तथा दलित वर्गका विद्यार्थीहरुबाट विद्युतीय चुलोको माग संकलन सम्बन्धी सूचना** प्रकाशित भएकोमा, सोही सूचना बमोजिम अनलाइन मार्फत प्राप्त आवेदनहरुमध्ये देहायका विद्यार्थीहरुको आवेदन छनोट भई वितरणका लागि योग्य भएकाले यसै सूचनालाई आधार मानी निम्न मिति र स्थानमा देहायका कागजातहरुको सक्कल र स्वप्रमाणित प्रतिलिपि (१।१ प्रति) सहित स्वयं उपस्थित हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । सो मिति भन्दा पछाडि आउने स्वीकृत नामावलीमा रहेका विद्यार्थीहरुको आवेदन स्वतः खारेज हुने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्र,

२. लोपोन्मुख आदिवासी जनजाति तथा दलित वर्ग खुल्ने सरकारी निकायको सिफारिस पत्र,

३. अध्यनरत शैक्षिक संस्थाको सिफारिस पत्र,

४. अध्यनरत शैक्षिक संस्थाद्वारा जारी गरिएको परिचय पत्र,

५. वेब-साईटमा प्रकाशित स्वःघोषणा फाराम भरी ल्याउनुपर्ने छ ।

नोटः स्वघोषणा फाराम र स्वीकृत नामावली वेब-साईट www.aepc.gov.np मा प्रकाशित गरिएको छ ।

**वितरण स्थानः**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यालय, ताहाचल, काठमाण्डौ ।**

**वितरण गर्ने मिति र समयः**

- २०८३।०६।२२ गते, बिहीवार दिनको २:०० बजे देखि दिउँसो ५:०० बजे सम्म ।
- २०८३।०६।२३ गते, शुक्रवार बिहान ९:०० बजे देखि दिउँसो ५:०० बजे सम्म ।
- २०८३।०६।२६ गते, सोमवार बिहान ९:०० बजे देखि दिउँसो ५:०० बजे सम्म ।

**<u>लोपोन्मुख आदिवासी जनजाति तथा दलित वर्गका विद्यार्थीको विद्युतीय चुलो प्राप्त गर्न स्वंयको स्वःघोषणा पत्र</u>**

म ............................. जिल्ला ......................................... नगरपालिका/गाउँपालिका ........ नं. वडा ................................. टोलमा स्थायी बसोबास रही हाल ................................. जिल्ला ........................................................... महानगरपालिका/नगरपालिका ........ नं. वडामा घर/फल्याट/कोठा भाडा लिई बस्ने नाम थर ........................................................ , नागरिकता नं. ................................ ले यस केन्द्रले विगत वर्षहरुमा वितरण गरेको विद्युतीय चुलो हालसम्म प्राप्त नगरेको व्यहोरा ठिक साँचो हो । यदि विगतका वर्षहरुमा वितरण गरेको चुलो प्राप्त गरेको प्रमाणित भएको खण्डमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

नाम थर :-

हस्ताक्षर :-

मिति :-